बजेट व्यवस्था गर्न अर्थ मन्त्रालय सकारात्मक। पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१५, ● अंक-०४ ● २०७९ साउन २३ गते सोमबार, ● 08 Aug. 2022, ● नेपाल सम्वत्-११४२, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

# थाहानगरको खोलाखर्कमा बाँदर वितण्डा !

विकास संवाददाता
थाहानगर

मकवानपुर थाहा नगरपालिकाको वडा नम्बर ५ को खोलाखर्क बस्ती। बारी र बस्ती पनि सँगसँगै छ। कोहीकोहीको घरदेखि अलि पर खोरिया बारी छ। तर, सबैको बारी नै बारी। उनीहरूको खेत छैन। वस्ती र बारी चारैतिर कालिदेवी सामुदायिक वनको घना जंगल छ।

तरकारी खेतीसंगै खोलाखर्क बासीले धेरै मकै रोपेका छन्। उनीहरूले दुःख गरेर हुर्काएको दुधेमकैमा हारी लागिसकेको छ। तर यसपालि मकै भत्र्याउन पाईंदैन भन्नेमा प्रायः किसान ढुक्क छन्। किनभने बाँदरले बारीको मकै सोत्तर पारिसक्यो। बाँदरले दिनदिनै वितण्डा मच्चाइरहेको छ। किसानहरूले बाँदरबाट बाली जोगाइदिन हारगुहार गरि रहेका छन्। खोलाखर्कका किसान सुमन वाइवा भन्छन्,-'कस्लाई सुनाउँ हाम्रो पीडा ?, कम्सेकम सम्चार त लेखिदिनुस्।'

बाँदरबाट मकै जोगाउने उपाय खोज्न वाइवाले थाहा नगरपालिकाका कृषि शाखा प्रमुख संजय तिवारीलाई फोन गरे। नगरपालिकाका कृषि हाकिम तिवारीले कृषक वाइवाको गुनासो त सुने तर उपाय बताउन सकेनन्। तिवारीले कृषक वाइवालाई फोनमै भने,-'वडा कार्यालयमा सम्पर्क गर्नुस् केही हुन सक्छ।' पालिकाका कृषि हाकिम तिवारीको यस्तो जवाफ सुनेपछि कृषक गोले झन् निरास् छन्। गाउँका नेतादेखि प्रतिनीधिहरूलाई समेत हारगुहार गरिरहेका कृषक सुमनको गुनासो र हाउभाउ निकै पीडादायी छ।

पहिले पहिले लेकतिर देखिने रातो बाँदरको माउ बच्चा सराबरी छन्। बच्चा च्याप्दै झुण्ड्याउँदै बाँदरको बथाने बारीमा पस्ने गरेको गोलेले बताए। 'च्वाँ-च्वाँ र चिँचिँ गर्दै मकै बारीमा पस्छन्, हरिया ढोड लडाउँदै दुधेमकैको घोका नङ्ग्याउँछन्, धपाउन त परैको कुरा बाँदरको बथान नजिक जाने सकिँदैन' उनले सुनाए। बाँदर आएको देखेपछि कुकुर भुक्दै दौडेर बारीमा पुग्छ, क्वाइँ-क्वाइँ गर्दै फर्किन्छ। 'बाँदरको बथानै भएपछि समाएर लबेटा लाउँदो रैछ, कुकुर पनि बारीमा जानै डराउँछ'-उनले भने-'महिलाहरूलाई पनि बाँदरले नटेर्ने रहेछ लखेट्न गयो उल्टै झम्टिन्छ।' बालीतः बिगार्यो-बिगार्यो मान्छेलै नै आक्रमण गर्ला भनेर एक्लै मकै बारीमा पस्नै डरमर्दो भएको वाइवाले बताए।

खोलाखर्क गाउँमा मकै निकै सप्रिएको थियो। बाँदरको वितण्डापछि छयाङ्छयाङ्ती भएको छ। बाँदर नजिकैको कालिदेवी सामुदायिक वनमा लुकेर बस्ने र मान्छे यस्सो ओल्टोकोल्टो लागेको थाहा पाएपछि बारीमा आइहाल्ने कृषक सानु माइलो वाइवाले बताए। अहिले त खोलाखर्कका स्थानीयहरू पालो मिलाएर गस्ती नै गर्न थालेका छन्। 'यताबाट लखेट्यो उता भाग्छ यताबाट लखेट्यो उता जान्छ'-सानु माइलाले भने।

छिप्पेको भन्दा दुधे मकै भएको ठाउँमा बाँदरले बढी क्षति गराएको छ। खाएर मात्रै होइन खेलेर पनि मकैको बोट भाँचिदिएको छ। कोही भाँच्ने, कोही ओखेल्ने काम नलाग्ने बनाइदिएको छ। स्थानीय कृषक केशर बहादुर वाइवा भन्छन्, 'बाँदरले यस्तो यति धेरै क्षति गरेको यसपाली पहिलो पटक देखियो।' उनले थपे-'पहिले पहिले आक्कलझुक्कल आउँथ्यो, गाउँलेले लखेटेपछि भाग्थ्यो यसपाली त टेर्दै टेरेन।'

बल्ल-बल्ल रासायनिक मल बटुलेर मकै फलाएका खोलाखर्कका किसानहरूलाई अहिले बाँदरको वितण्डा खेपी नसक्नु छ। मान्छे बराबर अग्ला मकैका बोट ढालेर बाँदरले घोगा नङ्ग्याउँदै बारीमै फालिदिएको छ। बाँदर पसेर खानु खाँदोरेछन् नत्र सबै बिगारेर बारीमै रहिमट्ट पारेको छ,-कृषक वीर सिंह वाइवाले भने-'दिनदिनै डोकाको डोका खोया घरमा ओसार्नु परेको छ।' घाम पानी भोक प्यासको प्रवाह नगरी हुर्काएको मकै भित्र्याउने बेला बँदेलले सखाप पारेपछि गाउँभरीका किसान चिन्तित् बनेका छन्।

कुकुर लिएर लौरो भाटा बोकेर बारीमा गस्ती गर्ने, स्पिकरमा बाघ र बन्दुकको आवाज बजाउने, टिन ठटाउने गरेर बाँदर भगाइरहेको किसानहरूले बताएका छन्। 'एकदुई दिन त स्पिकर बजाउँदा नि बाँदर तर्सिएर भाग्यो, अहिले त पत्याउनै छाड्यो'-स्थानीय जीत बहादुर वाइवाले भने। 'करिब ३५ रोपनी क्षेत्रमा लगाइएको मकै बाली क्षति भईसकेको छ, अझ कति क्षेति गराउँछ थाहा छैन तर, पनि हामी किसानहरूले औपचारिक रूपमा क्षतिको विवरण लिएर नगरपालिका गएका छैनौं कृषक सुमन वाइवाले सुनाए। अहिलेसम्म खोलाखर्कका करिब ३५ कृषक परिवारको मकै बाली बाँदरले नष्ट गरि सकेको छ। अहिलेसम्म कहि पनि खोलाखर्कका किसानहरूले आधिकारिक रूपमा क्षतिपूर्ति माग गरेका छैनन्। 'क्षति पुर्‍यायो भनेर कस्लाई भन्ने नै थाहा छैन, सकेसम्म बाँदरले आ-आफ्नो बारीमा आउनबाट रोक्ने कोसिस मात्रै गरिरहेका छौं' किसान जीत बहादुर वाइवाले भने।

खोलाखर्कमा जस्तै गहते पाखाका किसानहरू पनि बाँदरको अचाक्ली देख्दा आत्तिएका छन्। गहतेपाखामा त झन घर भित्रै पसेर बाँदरले भाते खाइदिने गरेको स्थानीय जबरसिं गोपालीले बताए। 'बाँदर त घरको छनाछना कुद्छ, मेरो त घरमा पकाएर राख्या भाते खाइदियो'-गोपालीले भने। गहते पाखाका किसानले लगाएको अन्न र तरकारी बालीमा पनि उस्तै बिगार गरेको गोपालीले सुनाए। गहते पाखाका करिब ४० घर किसान परिवार बाँदर पीडित भएको उनले जानकारी दिए।

## थाहानगर आफैले किन्यो अक्सिजन प्लान्ट



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाले अक्सिजन प्लान्ट खरिद गरेको छ। नगरपालिकाले १ करोड १० लाख ११ हजार ९९ सय रूपियाँमा अक्सिजन शुभारम्भ सर्भिस ट्रेडर्स प्रा.लि.बाट प्लान्ट खरिद गरेको हो। पालिकाले कृत्रिम अक्सिजन आवश्यक हुने नगरबासीलाई सहज रूपमा उपलब्ध गराउन प्लान्ट खरिद गरेको जनाइएको छ।

शुभारम्भसंग २१ असारमा भएको सम्झौता बमोजिम खरिद गरेको अक्सिजन प्लान्ट पालिकामा आइसकेको छ। थाहा नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत बोलपत्र आव्हान प्रक्रियाबाट प्लान्ट खरिद गरेको हो।

यसैबीच नगरले खरिद गरेको अक्सिजन प्लान्ट चेकजाँच गरी पालिकाले बुझेको छ। प्लानट प्राविधिक स्पेसिफिकेसन अनुसार नै भएको प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र बागमतीका बायोमेट्रीक इन्जिनियर राजेश्वर कमलीले बताए।

प्लान्टको इन्जिनियर कमलीले प्राविधिक चेकजाँच गरेका हुन्। प्लान्ट निरीक्षण थाहा नगरका प्रमुख विष्णु विष्ट, उपप्रमुख भरत गोपाली, प्रमुख प्रशासकीय अधिकृत होमनाथ काफ्ले, नगरका इन्जिनियर सन्तोष बोहरा, स्वास्थ्य शाखा, जिन्सी शाखाका प्रमुख सहितको रोहवरमा गरिएको थियो। चेकजाँच पश्चात् बायोमेट्रिक इन्जिनियर राजेश्वर कमलीले भने-'अक्सिजन प्लान्ट सम्झौतामा भने अनुसार अन्तर्राष्ट्रिय मापदण्डको गुणस्तरीय नै प्राप्त भएको छ, ढुक्क हुनुस्।'

अक्सिजन प्लान्ट खरीदका लागि २०७८ वैशाख १२ गते सूचना गरी बोलपत्र आव्हान गरेकोमा ८ वटा बोलपत्रदाताहरूबीच प्रतिस्पर्धा भएको थियो।

## ९ हजार १ सय ११ ले आयुर्वेद उपचारको सेवा लिए

◆ विकास संवाददाता

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र मकवानपुरबाट एक वर्षमा ९ हजार १ सय ११ बिरामीले आयुर्वेद उपचार को सेवा लिएका छन्।

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र मकवानपुरबाट गत आर्थिक वर्ष २०७८/०७९ मा ९ हजार १ सय ११ बिर ामीले आयुर्वेद उपचारको सेवा लिएका हुन्। तीमध्ये ४ हजार ५ सय १५ महिला र ४ हजार ४ सय ९५ पुरूषले सेवा लिएको केन्द्रका सूचना अधिकारी अशोक कुमार झाले जानकारी दिए। आर्थिक वर्षको पहिलो महिना साउनमा ५ सय ३९ महिला र ४ सय ७४ पुरूष गरी १ हजार १३ जनाले उपचारको सेवा लिएका छन्। त्यस्तै भदौ महिनामा ५ सय ५५ महिला र ५ सय ९३ पुरूष गरी १ हजार ८८, असोजमा ३ सय ८७ महिला र ३ सय ५१ पुरूष गरी ७ सय ३८, कार्तिकमा ३ सय ८० महिला र ५ सय ५ पुरूष गरी ८ सय ८५ ले उपचार गराएका छन्। यस्तै मंसिरमा ३ सय ७५ महिला र ३ सय ५१ पुरूष लगायतले सेवा लिएको जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र मकवानपुरको तथ्याङ्क छ



# • सम्पादकीय •

## आत्महत्या न्यूनीकरणमा गम्भीर बन

आत्महत्या डरलाग्दो समस्याको रुपमा देखिन थालेको छ । नेपाल प्रहरीको तथ्यांकअनुसार पछिल्ला नौ वर्षमा देशभर ४९ हजार आठ सय ८४ जनाले आत्महत्या गरेका छन् । यसलाई आधार मान्दा देशभर दैनिक कम्तिमा १८ जनाले आत्महत्या गर्छन् । नेपालमा दश वर्षसम्म चलेको सशस्त्र युद्धमा १७ हजारको ज्यान गएको थियो । महाभूकम्पका कारण आठ हजार बढीको ज्यान गएको थियो । यी दुबै संख्याभन्दा पनि नेपालमा हरेक वर्ष आत्महत्याका कारण धेरैले ज्यान गुमाउने गरेका छन् । एक दशकअघि वार्षिक पाँच हजार जतिले आत्महत्या गर्ने गरेकोमा गत आर्थिक वर्षमा यो संख्या सात हजार पुगेको छ । हुन त यो संसारभरिकै समस्या हो । विश्व स्वास्थ्य संगठनका अनुसार हरेक वर्ष आठ लाख मानिसले आत्महत्या गर्छन् । यो संख्या हेर्दा पनि नेपालको आत्महत्या गर्ने दर बढी देखिन्छ । भौतिक आवश्यकता बढ्दै जाने र सोहीअनुरुप आपूर्ति गर्न नसक्ने अवस्थाले पनि झन्पछि झन् आत्महत्याका घटना बढिरहेको देखिन्छ । यसलाई गम्भीर समस्याको रुपमा लिएर राज्य र समाजले आत्महत्या न्यूनीकरणका उपायबारे सोच्न र लगानी बढाउन जरुरी देखिन थालेको छ । विश्वव्यापीरूपमा नै जनस्वास्थ्य समस्या बनिरहेको आत्महत्याको प्रारम्भिक लक्षण भनेको दु:खी रहने, सकारात्मक सोच नरहने र डिप्रेसनमा जाने हो । आत्महत्या कुण्ठा, बेचैन, नैराश्यता, दिग्दारीपनको उपज हो ।

मानिसको मनभित्र विचारहरूका आरोह–अवरोह चलिरहन्छन् । सकारात्मक विचारले ऊर्जा दिए पनि नकारात्मक विचारले मानिसमा कुण्ठा, बेचैनी र नैराश्यता हाबी गराउँछ । आर्थिक संकट, दीर्घरोग, प्रियजन गुमाउँदा, घरपरिवार, कार्यालय वा साथीबाट समान अनुभूतिको व्यवहार नपाएमा, जागिर गएको खण्डमा, व्यापार तथा व्यवसायमा घाटा भएमा, दैवी प्रकोपको चपेटालगायतका कारणले मासिनमा तनाव बढ्ने गरेको पाइन्छ । मानिस तनावमा आउँछ, त्यसको बृद्धि हुँदै डिप्रेसनमा पुग्छ र डिप्रेसन बढ्दै गएपछि कि पूर्ण पागल हुन्छ, कि आत्महत्या गर्छ । तनाव बढ्दै जाँदा व्यक्तिले आफू बाँचेको वर्तमान पूरै अँध्यारो देख्छ । उसले अगाडि बढ्ने कुनै बाटो देखेन र बाँच्नुको औचित्य सकिएको महसुस गरेको खण्डमा आत्महत्या गर्न पुग्छ । कतिपयले त आफू मरेपछि परिवारका बाँकी सदस्यले दु:ख पाउँछन् कि भनेर उनीहरुको हत्या गर्ने गरेका घटना पनि देखिएका छन् । यसरी हेर्दा आत्महत्या डरलाग्दो मनोरोग हो । यसको उपचार कुनै औषधिले भन्दा पनि मनोसामाजिक क्रियाकलापबाट मात्रै सम्भव छ । प्राकृतिक जीवन रहँदासम्म तनावमुक्त जीवन बिताउनुपर्छ र एकपटक प्रकृतिको सुन्दर उपहारको रुपमा प्राप्त जीवन खेर फाल्नु हुँदैन भन्ने मनोविज्ञानको विकास गर्नु नै आत्महत्याबाट बचाउने ठूलो औषधि हो ।

आत्महत्याका लक्षण थाहा पाएपछि परिवार र आफन्तबाट सम्भव नभए मनोचिकित्सकसम्म लैजान सकिन्छ । परिवार, साथी, समाज वा चिकित्सक जसले भए पनि उसलाई बाँच्नका लागि प्रेरित गर्ने नै आत्महत्याबाट बचाउने प्रमुख उपाय हो । कुनै पनि देशका नागरिक स्वस्थ भएनन्, उनीहरु आफ्नो प्राकृतिक आयु रहँदासम्म सक्रियतापूर्वक र उत्साहित भएर योगदान गरेनन् भने त्यो देशको भौतिक विकासको मात्रै अर्थ रहँदैन भन्ने अवधारणा पनि विश्वब्यापी बन्दै गएको छ । यसलाई नेपालले पनि गहिरोसँग आत्मसात गरेर नागरिकलाई स्वस्थ, उत्साहित र सक्रिय जीवन बिताउनका लागि प्रेरित गर्ने कार्यक्रम बनाउनुपर्छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५0७२३२२ र नरेन्द्र अधिकारी ९८५५0७0५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२0७४0१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६0२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | 0५७-६२0३६४ |
| थाहा नगरपालिका कार्यालय | 0५७-४000५६ |
| मत्स्यनारायण मा.वि. | 0५७-६२0५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५0६९४९९ |
| प्रहरी चौकी फाखेल | 0५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | 0५७-५२0३८८ |
| विद्युत प्राधिकरण पालुङ | 0५७-४000२९ |


# स्थानीय तहमा बढ्दो खर्च

सङ्घीयतापछि प्रशस्तै अधिकार र स्रोत पाएका स्थानीय सरकारले मनपरी खर्च गर्न थालेका छन्। महालेखा परीक्षकको कार्यालयले हालै सार्वजनिक गरेको आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण प्रतिवेदनले यस्तो तथ्य देखाएको छ। प्रतिवेदनअनुसार मनपरी भत्ता लिने, लाखौँलाखका सामान सोझै खरिद गर्ने, जथाभावी सामान किनेर वा नगदै वितरण गर्ने, खर्चका कागजात नराख्ने, जथाभावी कर्मचारी भर्ना गर्नेदेखि करोडौँ रकम रकमान्तर गर्नेजस्ता बेथिति देखिएको छ। यसका साथै जनप्रतिनिधि र कर्मचारीले उपभोग खर्चहरू अत्यधिक बढाएको पाइएको छ ।

स्थानीय तहमा आर्थिक अनुशासन कायम गर्नुपर्ने प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृत कतै छिटोछिटो सरूवा हुने र कतै दुवै जनप्रतिनिधिले भनेअनुसार गरी खर्चमा साझेदारी गर्न थालेका कारण सङ्घीयताले संविधानमार्फत स्थानीय तहमा दिइएको अधिकार र स्रोतको व्यापक दुरूपयोग भइरहेको देखिन्छ । स्थानीय तहले कार्यान्वयन गर्ने बजेट र अधिकार अनुसार क्षमतावान् जनशक्ति र कर्मचारी नभएका कारण धेरै स्थानीय तहमा अधिकार र स्रोत दुरूपयोग भइरहेकाले नागरिकमा बितृष्णा बढ्दै छ। महालेखा परीक्षकको कार्यालयले हालै सार्वजनिक गरेको लेखापरीक्षण प्रतिवेदन हेर्दा पूर्वाधार निर्माणमा भएका कमजोरी, सुशासनविपरीतका कार्य, आर्थिक दुरूपयोग व्यापक भएको देखिन्छ । यस आलेखमा कैलालीका १३ वटै स्थानीय तहमा जनप्रतिनिधि र प्रमुख प्रशासकीय अधिकृत जिम्मेवार हुनेबित्तिकै सुधार गर्न सकिने तर नभएका विषयको चर्चा गरिएको छ ।

### गजबका समिति गजबकै भत्ता

फरकफरक निकायका अधिकारीहरू सहभागी हुने, कानुनबमोजिम गठन भएका समिति र कार्यालय समयभन्दा फरक समयमा भएका बैठकमा मात्र भत्ता लिन पाइने व्यवस्थाविपरीत जनप्रतिनिधि र कर्मचारीले समिति गठन गर्ने र भत्ता बाँड्ने गरेको पाइएको छ। यति मात्र होइन, कार्यालय समयमा जनप्रतिनिधि र कर्मचारीले आफ्नै कार्यालयभित्र र कार्यकक्षमा गरेका बैठकको पनि पटकपटक भत्ता बुझेका छन्। जिल्लाको एक नगरपालिकामा निर्माण भइरहेको स्वास्थ्यचौकी भवन गुणस्तर नभएको उजुरी परेपछि छानबिन समिति गठन भयो । यो समितिलाई ३६ हजार भत्ता दिनुपर्‍यो । स्थानीय तह मल वितरण व्यवस्थापन समिति गठन भयो। सो समितिलाई ४८ हजार भत्ता दिनुपर्‍यो । यस्तै दिवाखाजा व्यवस्थापन समिति गठन भयो, १६ हजार ५०० भत्ता पायो । सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समिति गठन भयो, ३७ हजार ५०० भत्ता दिइयो । यसका साथै स्थानीय खानेपानी संस्थाको निर्वाचन खर्च एक लाख २१ हजार, कर्मचारीको पिकनिक खर्च ५७ हजार ६०५ रूपियाँ पनि नगरपालिका कोषबाट तिरिएको छ। जिल्लाको अर्को एक नगरपालिकामा कृषक छनोट गर्न गठित उपसमितिको बैठक नौ दिन बसेको र सोबापत नौ दिनकै भत्ता लिएको छ । कक्षा ८ को परीक्षा समितिको बैठक भत्ता ६५ हजार खर्च भएको छ। तीन पदमा कर्मचारी भर्ना गर्न पदपूर्ति समितिको बैठक भत्ता एक लाख दुई हजार रूपियाँ खर्च भएको छ। शिक्षा शाखामा प्रश्नपत्र गणना गरेको भत्ता ३९ हजार ५००, शिक्षकको परिचय–पत्र निर्माण समिति गठन गरी १४ हजार रूपियाँ बैठक भत्तामा खर्च गरेको छ।

### उपभोग खर्च बढ्दो

जनताले तिरेको कर नेता, कर्मचारीको तलब भत्ता र विकास निर्माणमा खर्च हुनुपर्छ । आर्थिक रूपमा मित्तव्ययी होस् भनेर तलब भत्ता तोकिएको हुन्छ तर स्थानीय तहमा जनप्रतिनिधि र कर्मचारीले तलबका साथै अत्यधिक भत्ता र सुविधा खर्च गरिरहेका छन् । केही पालिकाको वर्षभरि गर्ने आन्तरिक आय जनप्रतिनिधिको तलब भत्ता, भोजभतेर र आर्थिक सहयोग बाँडचुँडमै सकिन थालेको छ ।

### अनुगमन भत्ता, मनपरी निर्णय

जिल्लाको एक भजनी नगरपालिकाले अनुगमन भत्ता नौ लाख २४ हजार, वडा कार्यालयभित्रै भएका वितरण कार्यक्रमको अनुगमन भत्ता एक लाख ३९ हजार, बैठक भत्ता चार लाख ५९ हजार रूपियाँ खर्च गरेको छ। बेरोजगारहरूको तथ्याङ्क संकलन गर्ने मुख्य काम भएका रोजगार संयोजकले बेरोजगारको नाम कम्प्युटर प्रणालीमा हाल्न लगाउँदा ३३ हजार ८८० रूपियाँ नगरपालिकाले तिर्नुपरेको छ। अनुगमनका नाममा यति धेरै खर्च भएको छ कि हजार दिने आमालाई पोषणसम्बन्धी ६० हजार बजेट भएको कार्यक्रमको अनुगमन खर्च १२ हजार लिइएको छ। जिल्लाको जानकी गाउँपालिकामा कर्मचारीलाई प्रोत्साहन भत्ता ११ लाख, अनुगमन भत्ता चार लाख ३८ हजार, बैठक भत्ता छ लाख ४३ हजार रूपियाँ खर्च गरेको छ । अनुगमन गर्दा एउटै तालिमको अनुगमन १० जनाले गरेको, सुत्केरीलाई उपाध्यक्षको कोसेली वितरण कार्यक्रम २० जनाले अनुगमन गरेको देखाई भत्ता लिइएको छ । २७ हजार ९७५ रूपियाँको औषधि वितरण कार्यक्रमको नौ जनाले अनुगमन गरी नौ हजार भत्ता बुझेको प्रतिवेदनमा उल्लेख छ । लम्कीचुहा नगरपालिकाले अनुगमन भत्तामा आठ लाख नौ हजार रूपियाँ खर्चेको छ। एउटै वडाका २० वटा योजनाको अनुगमन खर्च एक लाख २० हजार छ । उनै कर्मचारीले १६ दिनमा ४९ पटक बैठक बसेर ४९ बैठकको बैठक भत्ता बुझेका छन् । टीकापुर नगरपालिकाको अनुगमन समितिद्वारा अनुगमन भत्ता १७ लाख ४० हजार र बैठक भत्ता छ लाख १० हजार रूपयिाँ खर्च भएको छ । टीकापुर नगरपालिकाका एक जना श्रेणीविहीन कार्यालय सहयोगीलाई तृतीय श्रेणीमा बढुवा गरि दिएको छ। जनतासँग मेयर/उपमेयर कार्यक्रममा बिनाविधि पटके निर्णय गरेर २७ लाख ९३ हजार रूपियाँ वितरण भएको छ। यसरी रकम प्राप्त गर्नेमध्ये केहीले पाएको रकमको बिल भर्पाइ पनि बुझाएका छैनन् । जोशीपुर गाउँपालिकाले बिनाविधि जनतासँग अध्यक्ष कार्यक्रममा १४ लाख ४३ हजार रूपियाँ



**एकिन्द्र तिमल्सेना**

खर्च गरेको छ। सवारी चालकलाई वर्षमा ८० हजार रूपियाँ अतिरिक्त पारिश्रमिक दिएको छ । लैङ्गिक हिंसा निवारण कोषको एक लाख रकमले पर्दा खरिद गरिएको छ। चुरे गाउँपालिकाले कर्मचारी छनोटका लागि एकै दिन तीनवटा बैठक गरेको छ, प्रत्येक बैठकका ६३ हजार रूपियाँका दरले बैठक भत्ता खर्च गरेको छ ।

### रकमान्तर

नेपाल सरकारको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले स्थानीय तहले सभाबाट सबै रकम विनियोजन गर्नुपर्ने, एउटै शीर्षकभित्र र कमान्तर गर्न सकिने तर शतप्रतिशत रकमान्तर गर्न नपाइने व्यवस्था गरेको छ तर स्थानीय तहहरूले मनपरी खर्च गर्न अत्यधिक रकमान्तर गरेका छन् । धनगढी नगरपालिकाले २७ करोड छ लाख ९४ हजार, गोदावरी नगरपालिकाले २५ करोड ५८ लाख ८६ हजार, कैलारी गाउँपालिकाले २१ करोड ४५ लाख, लम्कीचुहा नगरपालिकाले ११ करोड ६३ लाख सभाबाट र चार करोड ८७ लाख ३८ हजार रूपियाँ नगर सभाको निर्णयबिनै रकमान्तर गरेको छ।

घोडाघोडी नगरपालिकामा १४ करोड ३५ लाख सात हजार, टीकापुर नगरपालिकाले ११ करोड ४३ लाख ३९ हजार, जानकी गाउँपालिकाले नौ करोड ९१ लाख ४७ हजार, गौरीगङ्गा नगर पालिकाले नौ करोड २३ लाख ४८ हजार, मोहन्यालले पाँच करोड ३९ लाख ५३ हजार, चुरेले चार करोड २८ लाख ४६ हजार, बर्दगोरियाले तीन करोड ५८ लाख ५१ हजार, भजनी नगरपालिकाले तीन करोड १२ लाख, जोशीपुर नगरपालिकाले एक करोड १८ लाख १६ हजार रूपियाँ रकमान्तर गरेको छ । स्थानीय तहमा किनेका सामग्रीको जिन्सी दाखिला नहुने, काम र बिलभन्दा बढी भुक्तानी, बिलबिनाका भुक्तानी, कर कट्टी नगरेर भुक्तानी, दोहोरो यातायात दाबीजस्ता छन् ।

सङ्घीयताले स्थानीय सरकारलाई पनि स्वतन्त्र रूपले काम गर्ने अधिकार दियो तर आन्तरिक नियन्त्रण प्रणाली विकास नभएका, कार्यालयको अर्थव्यवस्था नबुझेका जनप्रतिनिधि र टालटुले कर्मचारीका कारण स्रोतको दुरूपयोग भइरहेको छ । यसर्थ स्थानीय तहले आर्थिक अनुशासनमा बस्नुपर्दछ भने नेपाल सरकारको वित्त आयोगले अनुदानको बाँडफाँट गर्दा आर्थिक अनुशासन र सुशासनलाई आधार बनाउनुपर्दछ ।

# कसरी प्रयोग गर्ने महिनावारी कप ?

महिनावारी कप कसरी लगाउने ? यसले कुनै हानी गर्छ कि ? रगत भरिएको कसरी थाहा पाउने ? भित्रै अड्किने पो हो कि ? धेरैको चासो र जिज्ञासा छ ।

किनभने अहिले महिनावारीको बेला कप लगाउने क्रम सुरू भएको छ । यो सेनिटरी प्याडको विकल्पमा प्रयोग हुन थालेको हो । तर सेनिटरी प्याडमा अभ्यस्त महिलाहरू हत्तपत्त यो कप लगाउन हच्किन्छन् । किनभने झट्ट हेर्दा यो असजिलो र झन्झटिलो देखिन्छ ।

जबकि, प्रयोगकर्ताहरूले यसलाई अरू बढी प्रभावकारी, सहज र टिकाउ भनिरहेका छन् । वास्तवमा महिनावारी कप कति उपयोगी र प्रभावकारी छ त ? प्रस्तुत छ, प्रसूति तथा स्त्रीरोग विशेषज्ञ डा. कुमकुम झासँग गरिएको कुराकानी आधारित सामाग्री :

### महिनावारी कप कसरी प्रयोग गर्ने ?

सबैभन्दा पहिले आफूलाई कुन आकारको कप ठीक हुन्छ, त्यही आकारको कप खरिद गर्नुपर्छ । कपलाई प्रयोग गर्नुभन्दा अघि साबुनपानीले राम्ररी हात धुनुपर्छ । यो कप एकदमै नरम हुने भएकाले यसलाई दोब्राएर योनीभित्र छिराउन सकिन्छ ।

कपलाई 'सी' आकारमा पट्याएर प्रयोग गरिन्छ । तर कप प्रयोग गर्नुअघि त्यो सफा र सुक्खा हुनुपर्छ । कपलाई दोब्राएर वा 'सी' आकारमा पट्याएर योनीभित्र राखेर पाठेघरको मुखमा अड्काउनुपर्छ । त्यसपछि त्यो आफैं खुल्छ र रगत नचुहिने गरी सिल गरेर बस्छ । सिल हटाउनका लागि चाहिँ कपको तलको भाग हल्लाउनुपर्छ र तान्नुपर्छ । यसको प्रयोग गर्न सुरूसुरूमा अनौठो वा अप्ठ्यारो लागे पनि पछि बानी पर्दै गए पछि सजिलो हुन्छ ।

### यो कति प्रभावकारी हुन्छ ?

महिनावारी कपलाई राम्ररी प्रयोग गर्न सक्यो भने यो एकदमै प्रभावकारी हुन्छ । यो कप प्रयोग गर्न एकदमै सहज छ । रगत लिग भएर कपडामा लाग्ने समस्या हुँदैन । प्याडको एलर्जी हुनेहरूको लागि त यो झन् प्रभावकारी हुन्छ । एकपटक किनेपछि यसलाई पुनः प्रयोग गर्न पनि सकिने भयो । एकदेखि दुई वर्षसम्म प्रयोग गर्न मिल्ने भएकाले प्याड भन्दा सस्तो पनि पर्ने भयो ।

### यो कप प्रयोग गर्दा कुनै साइड इफेक्ट हुन्छ ?

कपको प्रयोग गर्दा यदि हामीले हाइजिन मेनटेन गरेनौं भने इन्फेक्सन हुने सम्भावना हुन्छ । त्यसैले प्रत्येक पटक कप प्रयोग गर्नुअघि साबुनपानीले राम्ररी हात धुने र कपलाई पनि राम्ररी सफा गर्नुपर्छ ।

### यो कपमा रगत भरिएपछि कसरी परिवर्तन गर्ने ?

कपमा ब्लड भरिएपछि कपको टुप्पोमा समातेर कपलाई बिस्तारै निकाल्नुपर्छ । झ्वाट्ट तान्नु हुँदैन यसो गर्दा पीडा हुन सक्छ । त्यसैले कपको टुप्पोमा समातेर बिस्तारै घुमाउँदै घुमाउँदै तानेर निकाल्नुपर्छ । आफूलाई कुन पोजिसनमा बसेर कप निकाल्न सहज हुन्छ, त्यसरी निकाल्दा झन् सजिलै निस्कन्छ । त्यो भरिएको कपलाई सफा गरेर फेरि प्रयोग गर्न सकिन्छ ।

### यो कप भित्रै अड्किने हुँदैन ?

कहिलेकाहीं यो कप भित्रै अड्किने समस्या पनि हुन सक्छ । त्यस्तो समस्या लिएर केही अस्पताल पनि आउँछन् । कपको पोजिसन बिग्रेर त्यस्तो समस्या हुन सक्छ । कपको टुप्पा हातले भेटिएन भने त्यो पाठेघरमा अड्किएको हुन सक्छ । त्यस्तो समस्या भएको खण्डमा धेरै नआत्तिकन अस्पताल जानुपर्छ, डराउनुपर्दैन । चिकित्सकको सहयोगमा यसलाई निकाल्न सकिन्छ ।

### यो कप लगाएको बेला पिसाब फेर्न सकिन्छ ?

यो कप लगाएको बेला सजिलै पिसाब फेर्न सकिन्छ । पाठेघरको मुख र पिसाब फेर्ने नली फरक-फरक हुन्छ । पिसाबको नलीमाथि हुन्छ र पाठेघरको मुख तलपट्टि हुन्छ । त्यसैले महिनावारी कप लगाएको समयमा पनि पिसाब फेर्न अप्ठ्यारो हुँदैन ।

### कप प्रयोग गरिसकेपछि कसरी राख्ने ?

महिनावारी कप प्रत्येक ८ देखि १२ घण्टामा खाली गर्नुपर्छ । रगतले कप भरिएपछि यसलाई पखालेर पुनः प्रयोग गर्न सकिन्छ । महिनावारी सकिएपछि यो कपमा भएको कीटाणु मार्न पाँचदेखि १० मिनेटसम्म तातोपानीमा उमाल्नुपर्छ ।

यसरी उमालेर सफा गरेर सुख्खा बनाएर राखेको कप अर्को महिनावारीमा पुनः प्रयोग गर्न सकिन्छ ।

### मूल्य कति पर्छ ?

एउटा मिन्सुरेसन कपको मूल्य ८ सयदेखि १५ सय रूपैयाँसम्म पर्न आउँछ । जुन प्याड भन्दा धेरै महंगो हो । तर यो प्रत्येक महिना पुनः प्रयोग गर्न सकिन्छ र १ देखि २ वर्षसम्म पुग्छ । त्यसैले लामो समयलाई हेर्ने हो भने आर्थिक रूपमा यो निकै सस्तो र प्रभावकारी हुन्छ ।

### भविष्यमा यो कपले स्यानिटरी प्याडलाई प्रतिस्थापन गर्न सक्छ ?

अवश्य पनि सक्छ । सहरी क्षेत्रमा बस्नेहरूका लागि पो प्याड किन्न सहज छ । घर नजिकै पसलमा यो सजिलै पाइन्छ । तर गाउँघरमा जुन ठाउँमा एउटा सानो सामान किन्न पनि धेरै हिंड्नुपर्छ, त्यस्तो ठाउँमा यो कप झन् उपयोगी हुन्छ । कसरी प्रयोग गर्ने र कसरी सरसफाइ गर्ने भन्ने ज्ञान महिलाहरूलाई दिन सकियो भने प्याडको सट्टामा यसको प्रयोग बढ्न सक्छ ।

### यसको प्रयोगले कुमारीत्वमा कुनै असर गर्छ ?

यसको प्रयोग योनीभित्र छिराएर गरिने भएकाले यसले कुमारीत्वमा असर गर्छ कि भनेर प्रयोग गर्न हिच्किचाउनेको संख्या पनि थुप्रै छ । यसको प्रयोगले कुमारीत्वमा कुनै पनि असर गर्दैन ।

पुनः प्रयोग गर्न मिल्ने, वातावरणमैत्री, लामो समयसम्म टिक्ने र आर्थिक रूपले किफायती भएकाले पछिल्लो समयमा महिनावारी कप धेरैको रोजाइमा परेको छ ।

# क्वाँटी खानुका फाइदा

जनैपूर्णिमाको दिन टुसा उम्रिएको गेडागुडीबाट बनाइएको क्वाँटी खाने चलन छ । क्वाँटी यस पर्वको खास खानेकुरा हो ।

धेरै प्रकारका गेडागुडीलाई मिसाई त्यसलाई भिजाएर राखिन्छ र टुसा उम्रपछि त्यसलाई क्वाँटी बनाइन्छ । क्वाँटी पोषणको हिसाबले पनि फाइदाजनक हुने पोषणविद्हरू बताउँछन् । चना, मस्याङ, मुगी, बोडी, मास, भटमास, ठूलो सिमी, ठूलो केराउ, सानो केराउ मिसाएर कम्तीमा पनि नौ प्रकारको गेडागुडी मिसाएपछि क्वाँटी बन्छ । क्वाँटी खानुका फाइदा के के छन् ? कति मात्रामा खाने ? लगायतका विषयमा पोषणविद् आरेम कार्की यस्तो भन्छन् :

### क्वाँटी किन खाने ?

जनैपूर्णिमामा टुसा उमारिएको क्वाँटी खाने जुन चलन छ, त्यो एकदमै राम्रो चलन हो । शरीरलाई स्वस्थ र तन्दुरूस्त राख्न विभिन्न पोषक तत्त्वको आवश्यक पर्छ । त्यस्ता पोषक तत्त्व खानेकुराको माध्यमबाट प्राप्त हुने हो । त्यसैले हाम्रो शरीरका लागि सन्तुलित आहारको आवश्यकता पर्छ । सन्तुलित आहारमा अंकुरित गेडागुडी पनि एक हो । त्यसैले शरीरमा ऊर्जा ल्याउन र चिसो भगाउन क्वाँटी खानुपर्छ ।

### कति मात्रामा खाने ?

गेडागुडीको तरकारी धेरै खान सकिँदैन किनकि यो थोरै खाँदा पनि पेट टन्न हुन्छ । एक प्लेट वा एक कचौरा भन्दा बढी गेडागुडी खान सकिँदैन । तर मःम खायो भने २ देखि ३ प्लेट पनि खान सकिन्छ । जंकफुड धेरै खान सकिन्छ भने प्राकृतिक खाना धेरै खान सकिँदैन । त्यसैले प्राकृतिक खाना खानु स्वास्थ्यको दृष्टिकोणले पनि राम्रो हुन्छ ।

चिया गिलासको एक गिलास भिजाएको गेडागुडी खानु उपयुक्त हुन्छ । त्यसरी चिया गिलासमा नाप्न सम्भव छैन भने ठिक्कको कचौराको एक कचौरा खानु राम्रो हो ।

### कसरी खाने क्वाँटी ?

गेडागुडीलाई भिजाएर टुसा उमारेर खाँदा त्यसमा भएको पोषक तत्त्व सजिलै प्राप्त गर्न सकिन्छ । भिजाएर टुसा उम्रिएको गेडागुडी नपकाई काँचै पनि खान सकिन्छ । साँधेर पनि खान सकिन्छ त्यो मीठो र पोषिलो पनि हुन्छ । क्वाँटीको भोल बनाएर पनि खान सकिन्छ यसले ऊर्जा दिन्छ । साथै क्वाँटीको तरकारी चिउरा खाजाको रूपमा पनि खान सकिन्छ । चाउचाउ बिस्कुट जस्ता खाजाको सट्टामा क्वाँटीको तरकारी खाँदा पाचन प्रक्रिया पनि राम्रो हुन्छ ।

### के छन् क्वाँटीका फाइदा ?

गेडागुडीलाई भिजाएर तथा टुसा उमारेर खाँदा त्यसमा भएको पोषक तत्त्व झन् धेरै बढ्छ । गेडागुडी प्रोटिनको राम्रो स्रोत हो । आइरन, क्याल्सियम, भिटामिन र मिनरल्स पनि यसमा प्रशस्त मात्रामा हुन्छ ।

अहिले क्वाँटी खानु स्वास्थ्यको लागि झन् धेरै महत्त्वपूर्ण छ । यसमा भएको फाइबरले गर्दा पनि यो खानैपर्छ । हामीले दैनिक खाने खानामा आइरन, क्याल्सियम र प्रोटिनको केही मात्रा त हुन्छ, तर फाइबर हुँदैन । त्यसैले हामीले खाने खानामा फाइबरको मात्रा एकदमै कम हुन्छ जुन गेडागुडीबाट प्राप्त गर्न सकिन्छ ।


बोक्रा नफालिएको गेडागुडीमा धेरै मात्रामा फाइबर हुन्छ । जसको सेवनले मोटोपन घट्ने, मधुमेह, उच्च रक्तचाप र कोलेस्ट्रोल कम गर्न पनि सहयोग गर्छ । यसले कब्जियत र पायल्स जस्ता समस्या कम गर्न पनि यो लाभदायक हुन्छ । पाचन प्रक्रियालाई एकदमै राम्रो बनाउँछ । त्यसैले क्वाँटी खानु स्वास्थ्यको दृष्टिकोणले एकदमै राम्रो हुन्छ ।

हामी नेपाली जनैपूर्णिमाको एक दिन क्वाँटी खाने र माघे संक्रान्तिको दिन चाकु तिलको लड्डु खाने गर्छौं । वर्षमा एक दिन मात्र कुनै खानेकुरा खाएर त्यसबाट पाइने फाइदा लिन सकिँदैन ।






# लेनदेनमा दर्ता हुन्छन् सहकारी संस्था




◆ विकास संवाददाता

बागमती प्रदेशमा कानुनी प्रक्रिया नै नपुर्‍याई सहकारी संस्थाहरू दर्ता हुने गरेको पाइएको छ । प्रदेशको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयअन्तर्गत सहकारी महाशाखामा १३ साउन, २०७७ देखि ७ कात्तिक, २०७८ सम्म दर्ता भएका करिब १०० सहकारीले कानुनी प्रक्रिया पूरा नगरेको पाइएको हो । प्रदेश सहकारी नियमावली–२०७६ को व्यवस्थाविपरीत ती सहकारीहरू दर्ता भएका हुन् ।

प्रदेशको सहकारी नियमावलीमा सहकारी संस्था दर्ताका लागि २ वा सोभन्दा बढी स्थानीय तह कार्यक्षेत्र राखी दर्ता गर्न चाहेमा ती स्थानीय तहहरूको सिफारिस–पत्र अनिवार्य ल्याउनुपर्ने व्यवस्था छ । तर मन्त्रालयका तत्कालीन रजिस्ट्रार विक्रमप्रसाद पाण्डेले सहकारी दर्ता गर्दा स्थानीय तहको सिफारिस नमगाएको पाइएको हो । त्यसरी दर्ता भएका सहकारीमध्ये अधिकांश काठमाडौँ उपत्यकाभित्रका छन् ।

काठमाडौँ, भक्तपुर र ललितपुर कार्यक्षेत्र हुने गरी दर्ता भएका सहकारीहरूले कार्यक्षेत्रका लागि स्थानीय तहको सिफारिस नलिएको पाइएको हो । कानुनी प्रक्रिया नपुर्‍याई दर्ता भएर सहकारी संस्थाहरू सञ्चालनमा आएको गुनासो आएपछि मन्त्रालयले छानबिन समिति बनाएको थियो । छानबिन समितिले अनुसन्धान गरी कानुनी प्रक्रिया पूरा नगरी सहकारी दर्ता भएको निष्कर्ष निकालेको थियो ।

छानबिन समितिको प्रतिवेदनले दोषी देखाएपछि तत्कालीन रजिस्ट्रार पाण्डेलाई आवश्यक कारबाह गर्न मन्त्रालयले गत ३ असारमा प्रतिवेदनसहित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पत्र पठाउने निर्णय गरेको भन्दै मन्त्रालयका उपसचिव नारायणप्रसाद ज्ञवालीले ९ असारमा पत्राचार गरेका थिए ।

यता, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मन्त्रालयको पत्रानुसार १४ असारमा आवश्यक कारबाहीका लागि भन्दै सक्कल प्रतिवेदनसहित सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्र पठाएको थियो । तर हालसम्म पनि पाण्डेलाई कारबाही भए/नभएकोबारे कुनै जानकारी नआएको मन्त्रालयले जनाएको छ । पाण्डे हाल प्रदेश मन्त्रालयअन्तर्गतको सहकारी महाशाखाबाट सरूवा भई प्रदेशबाहिर गइसकेका छन् । पाण्डे हाल जिल्ला समन्वय समिति रोल्पाको जिल्ला समन्वय समिति अधिकारीका रूपमा कार्यरत छन् ।

## 'लाखौँ तिरेर सहकारी दर्ताको प्रमाणपत्र लियौँ'

तत्कालीन रजिस्ट्रार पाण्डेले आफ्ना 'एजेन्ट'मार्फत लाखौँ रूपैयाँ लिएर सहकारी दर्ताको प्रमाणपत्र वितरण गरेको आरोप लागेको छ । काठमाडौँ उपत्यकामा चलिरहेको एक सहकारीका सञ्चालकमध्येका एकजनाले सहकारी दर्ताको प्रमाणपत्र लिन लाखौँ खर्च गरेको दाबी गरेका छन् । सम्पर्कमा आएका उनले कुनै प्रकियाबिनै सहकारी सञ्चालनका लागि प्रमाणपत्र हात पारेको बताए । 'सहकारी दर्ताका लागि कानुनी प्रकिया धेरै झन्झटिलो रहेछ । स्थानीय तहको सिफारिस पाउन पनि मुस्किल भएको थियो,' उनले भने, 'सोही समयमा एक जना एजेन्ट फेला पार्‍यौँ । उनलाई ७/८ लाख रूपैयाँ दिएपछि सर्टिफिकेट हात पर्‍यो । हामीले केही प्रक्रिया पूरा गर्नुपरेन ।'

त्यसरी पैसा बुझाएको केही महिनामै सहकारी दर्ताको प्रमाणपत्र हात पारेको उनको दाबी छ । 'हामी जस्ता धेरैले यसरी नै प्रमाणपत्र लिएका छन् । अब कति पैसा हात पारे होलान्, आफैँ हिसाब गर्नुस्', उनले भने । उनले सोही प्रमाणपत्रका आधारमा सहकारी संस्था चलाइरहेको र तिनै एजेन्टमार्फत अन्य ३ वटा सहकारी दर्ता गर्ने तयारी भइरहेको समेत बताए ।

सर्वसाधारणको आर्थिक कारोबार हुने सहकारी कानुनविपरीत दर्ता हुँदा मन्त्रालयको कार्यशैलीमाथि नै प्रश्न उठेको छ । पछिल्लो समय धेरै सहकारी संस्थाहरूले सर्वसाधारणको पैसा उठाएर भागेका घटना बाहिरिरहेको अवस्थामा कानुनी प्रक्रिया पूरा नगरी दर्ता भएका संस्थाबाट त्यस्ता घटना दोहोरिए घटनाको जिम्मेवारी कसले लिने भन्ने प्रश्न अहम् बनेको छ ।

# मकवानपुरगढीमा डिजिटल कृषि सूचना परामर्श सेवा केन्द्र स्थापना



◆ विकास संवाददाता

कृषि विकास बैंक बागमती प्रदेश कार्यालय बिरेन्द्रनगर चितवनको सहयोगमा मकवानपुरगढी गाउँपालिका मकवानपुरमा डिजिटल कृषि सूचना परामर्श सेवा केन्द्र स्थापना भएको छ । बैकका निर्देशक रघुनाथ न्यौपानेले डिजिटल कृषि सूचना परामर्श सेवा केन्द्र स्थापनाका लागि एक समारोहकाबीच केयोस मेशिन गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङ्तानलाई हस्तान्तरण गरे ।

सेवा केन्द्र स्थापनासँगै एक वर्षसम्म प्राविधिक सहजीकरणका लागि जियो कृषि र मकवानपुरगढी गाउँपालिकासँग सम्झौता भएको छ । २० साउनमै भएको कार्यक्रममा पालिकाका प्रमुख प्रशासकीय अधिकृत रामकुमार पुडासैनी र जियो कृषिका प्रतिनिधि सन्दिप देवकोटाले सम्झौता पत्र आदान प्रादान गरेका छन् । डिजिटल कृषि सूचना परामर्श सेवा केन्द्रको फोकल पर्सनको पालिकाका कृषि शाखा प्रमुख चन्द्रकान्त चौधरीलाई तोकिएको छ ।

सेवा केन्द्रले विशेषतः युवा कृषकहरू माझ कृषि सम्बन्धीका प्राविधिक परामर्श सेवा र सूचना प्रवाहमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास लिईएको कृषि शाखा प्रमुख चन्द्रकान्त चौधरीले जानकारी दिए । उक्त प्रविधिमा यसमा कृषकहरूले आफ्नो खेतिपाती तथा पशुपालन सम्बन्धिको विवरण राखेपछि गाउँपालिकामा त्यसको विवरण डिजिटल माध्यमबाट हेर्न सकिनेछ । कृषकहरूको खेतबारी एवम् पशुपालनमा देखिएका समस्याहरू फोटो अथवा आवाज रेकर्ड गरेर पठाएपछि विज्ञबाट आवश्यक सल्लाह सुझाव म्यासेजको रूपमा कृषकहरूले प्राप्त गर्न सकिने सो प्रविधिमा व्यवस्था छ ।

सेवाकेन्द्र मार्फत अब मकवानपुर गढीका किसानले कृषकहरूले खेती प्रविधि, पशुपालन, रोगकिरा व्यवस्थापन, मलखाद प्रयोग तथा मौसम सम्बन्धीको जानकारी घरमै बसी मोवाइल प्रयोग गरेर हेर्न सक्नेछन् ।

कार्यक्रममा कृषि विकास बैंक बागमती प्रदेश कार्यालयका वरिष्ठ शाखा प्रबन्धक नुर प्रसाद गौतम, कान्तिराजपथ शाखाका प्रबन्धक ध्रुब प्रसाद पौडल, भ्यालुचेन सहजकर्ता ईश्वरराज पन्त, वडा नम्बर ५ का वडाध्यक्ष एवम् प्रवक्ता दिपेश दाहाल, मनकामना दुग्ध सहकारीका अध्यक्ष अर्जुन प्रसाद दाहाल गाउँपालिका विभिन्न शाखाका शाखा प्रमुखहरू र अगुवा कृषकहरूको उपस्थिति रहेको थियो ।

# मनहरीका बिरामीलाई निःशुल्क रगत उपलब्ध गराइने

◆ विकास संवाददाता




मकवानपुरको मनहरी गाउँपालिकाका बिरामीलाई उपचारका लागि निःशुल्क रगत उपलब्ध गराइने भएको छ । मनहरी गाउँपालिकाले आफ्नो पालिकाका बिरामीको सहजताको लागि नेपाल रेडक्रस सोसाइटीसंग यस्तो सम्झौता गरेको हो ।

मनहरी गाउँपालिका क्षेत्रका बिरामीले अब निःशुल्क रगत प्राप्त गर्ने भएका छन् । आवश्यक रगतको पैसा तिर्न बाध्य बिरामीको सहजताको लागि रेडक्रससंग सम्झौता गरिएको गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले जानकारी दिए ।

रेडक्रस सोसाइटीले अब मनहरी गाउँपालिकाका बिरामीलाई निःशुल्क र गत उपलब्ध गराउनेछ । खपत भएको र गतको रकम गाउँपालिकाले रेडक्रसलाई प्रदान गर्नेछ । आइतबार एक कार्यक्रमकाबीच मनहरी गाउँपालि र रेडक्रसको बीच सम्झौता भएको हो । मान्यता प्राप्त अस्पतालमा उपचार गराउने मनहरीका बिरामीका लागि चिकित्सको सिफारिसका आधारमा आवश्यक रगत रेडक्रसको ब्लड बैंकाले उपलब्ध गराउने छ । मानिस बिरामी हुँदा अत्यावश्यक हुने रगत किन्नुपर्ने अवस्थाको अन्त्यका लागि रेडक्रससंग सम्झौता गरिएको गाउँपालिका अध्यक्ष कालाखेतीले बताए ।

८५० रूपैयाँमा प्रतियुनिट रगत किन्नुपर्ने अवस्था रहेको थियो । सम्झौतामा मनहरी गाउँपालिकाको तर्फबाट अध्यक्ष कालाखेतीले र रेडक्रसको तर्फबाट मन्त्री खेमराज सापकोटाले हस्ताक्षर गरेका छन् । यसअघि हेटौंडा उपमहानगर पालिकाले पनि रेडक्रससंग उपमहानगर क्षेत्रका बिरामीलाई निःशुल्क रगत उपलब्ध गराउने सम्झौता गरेको थियो ।






# चित्लाङ–थानकोट सडकलाई थप बजेट व्यवस्था गर्न अर्थ मन्त्रालय सकारात्मक



◆ विकास संवाददाता

मकवानपुरको थाहानगरलाई काठमाण्डौंसंग जोड्ने चित्लाङ थानकोट सडक (गणेशमान सिंहमार्ग ) लाई प्रयाप्त बजेट विनियोजन गरि निर्माण सम्पन्न गराउन अर्थ तथा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले सकारात्मक भएको छ । गणेशमान सिहमार्गलाई सम्पन्न गर्नको निम्ति मकवानपुरको थाहा नगरपालिका र काठमाण्डौंको चन्द्रागीरी नगरपालिकाले यि दुई मन्त्रालयलाई सडक निर्माण समयमै सम्पन्न गर्न अनुरोध गरेपछि मन्त्रालयले बजेट व्यवस्था गर्ने प्रतिक्रिया दिएका हुन् ।

थाहानगर प्रमुख विष्णु विष्ट र चन्द्रागिरी नगर प्रमुख घनश्याम गिरीले आ आफ्नो पालिकाको तर्फबाट अर्थमन्त्री जनार्दन शर्मा र भौतिक पूर्वाधार तथा यातायात मन्त्री मोहम्मद इश्तियाक राईलाई १७ साउनमा अनुरोत्र पत्र बुझाएका हुन् । सो अवसरमा दुई मन्त्रालयका उच्च अधिकारीहरूसंग समेत छलफल भएको थाहानगर प्रमुख विषटले बताए ।

गणेशमान मार्ग निर्माण थालनी भएको ५० वर्ष बितिसक्दा पनि पुर्णता नपाउदा स्थानीयले यथोचित लाभ प्राप्त गर्न नसकेको, मकवानपुरको भिमफेदीबाट मानिसले मोटर बोकेर काठमाडौ ल्याउने ऐतिहासिक बाटोमा अझै मानिस बोकेर निर्धक्क गाडी हिँड्न नसक्नु बिडम्बना भएको चन्द्रागिरी नगरपालिकाका प्रमुख घनश्याम गिरीले बताए । गिरीले २०७२ सालमा विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार पारी छुट्टै परियोजना कार्यालय स्थापना गरेर मार्गको मापदण्ड अनुसार निर्माण थालनी गरिएपनि डिपिआर अनुसार १५ महिनामा सक्नुपर्ने काम ७ वर्षसम्म नसकिनू दुखद भएको बताए । उनले डिपिआरको पुनरावलोकन गरी लागत स्टमेट तयार गरेर बजेट प्रबन्ध गर्न अनुरोध गरे ।

त्यसैगरी थाहा नगरपालिकाका प्रमुख विष्णु बिष्टले सरकारले ५० औ वर्षदेखि गरेको लगानिको प्रतिफल आउने अबस्था निर्माण भएको हुँदा यस्लाइ तत्काल निर्माण सम्पन्न गरेर संघिय राजधानी देखि प्रदेश राजधानी हेटौंडा सम्मको यात्रा दुरी छोट्याइ राजधानी काठमाडौ लाई दैनिक रूपमा आबश्यक पर्ने करिब ४० प्रतिशत ताजा तरकारी आपूर्ति गर्ने क्षेत्र थाहा नगर, इन्द्रसरोवर, भिमफेदी, कैलाशबाट दुरि घट्न गै उत्पादन र उपभोक्ता दुबै लाभान्वित हुने तथा इन्धन बचत बाट राष्ट्रनै लाभान्वित हुने हुदा उक्त सडकको चाडै निर्माण सम्पन्न गर्न दुबै मन्त्रीको ध्यानाकर्षण गराएको बताए ।

मन्त्रीहरूसंगको भेटमा चित्लाङ थानकोट सडकलाई बजेट विनियोजन गर्न अर्थमन्त्री शर्मा सकारात्मक रहेको भेटघाटमा सहभागी नेकपा माओवादी केन्द्रका बाग्मती प्रदेश सदस्य इन्द्र श्रेष्ठले जानकारी दिए । श्रेष्ठका अनुसार थानकोट चित्लाङ गणेशमान मार्गको डिपिआर पुनारोवलोकन गर्न तथा डिपिआर अनुसार बजेट स्टमेट गर्न दुबै मन्त्रालयका मन्त्रीहरू तथा उच्च अधिकारीहरू सकारात्मक छन् ।

भेटघाटमा अर्थमन्त्री जनार्दन शर्मा, भौतिक पुर्वाधार तथा यातायात मन्त्री मोहम्मद इस्तियाक राई, काठमाडौ १० का सांसद राजन केसी, सांसद कृष्ण गोपाल श्रेष्ठ, माओवादी नेता रामनारायण विडारी, भौतिक पुर्वाधार तथा यातायात मन्त्रालयका सचिव गोपाल प्रसाद सिग्देल, सडक विभागका महानिर्देशक अर्जुन जंग थापा, नेपाली काङ्ग्रेसका नेता जयराम लामिछाने, नेकपा माओवादी केन्द्रका बागमती प्रदेश सदस्य ईन्द्र बहादुर श्रेष्ठ, माओवादी नेता विष्णुहरि ढकाल जंगली, थाहा ९ का वडा अध्यक्ष राजकुमार बलामी र थाहा ३ का अध्यक्ष हिरेन्द्र कुमार रायमाझीको सहभागिता रहेको थियो ।

# थाहानगर उपप्रमुख गोपाली स्काउटमा दिक्षित

## पाँच दिने आधारभूत तालिम समापन

◆ विकास संवाददाता

मकवानपुर थाहानगरको झम्केश्वरी माविमा संचालित बिटिसि ३६७ औं पिटिसि आधारभूत तालिमको एक समारोहका बिच २१ साउनमा समापन गरिएको छ । १६ साउनबाट शुरू गरिएको तालिम समापन समारोह नेपाल स्काउटका केन्द्रिय सदस्य विरेन्द्र ध्वजको प्रमुख आतिथ्यमा भएको थियो ।

तालिम समापन कार्यक्रमका प्रमुख अतिथी तथा नेपाल स्काउटका केन्द्रिय सदस्य विरेन्द्र ध्वजुले ऐतिहासिक थाहानगर भित्र स्काउटको तालिम गर्न पाउँदा गर्व लागेको बताउँदै 'एक घर, एक स्काउट' को अभियान अन्तर्गत हरेक पालिकामा आधारभुत तालिम सम्पन्न गर्ने अभियान नै संचालन भैरहेको बताए । अभियान अन्तर्गत भएको तालिम पश्चात् आफुले सिकेका कुरा आफ्नो विद्यालयमा लागू नगर्दासम्म तालिमबाट प्राप्त प्रमाणपत्रको औचित्य नहुने बताउँदै सामाजिक रूपमा परिवर्तन गर्न नेतृत्वदायी भुमिका स्काउटले गर्ने हुँदा विद्यालय स्तरमा स्काउटको भुमिका महत्वपूर्ण हुने धारणा राखे । ध्वजुले स्थानीय वा विद्यालय स्तरमा स्काउट विकासका लागि नितिगत तथा प्राविधिक सहयोग चाहिय नेपाल स्काउट हरदम तयार रहेको बताए । उनले ७० वर्षको इतिहासमा बल्ल नेपाल स्काउट स्थानीय तहमा पुगेकोले अब क्रमशः बिस्तार हुनेमा आशा व्यक्त गरे ।

स्थानीय स्काउटका संरक्षक तथा थाहानगर प्रमुख विष्णु विष्टले स्काउटको महत्व, भुमिका आवश्यक ठानेर थाहानगरको सम्पुर्ण स्कुलमा स्काउट स्थापना गर्नको निम्ति पालिकाको पहल अनुसार कार्यक्रम आयोजना गरेकोमा धन्यवाद व्यक्त गरे । समाजमा रहेका विकृती बिसंगतीको अन्त्य तथा विपद व्यबस्थापनमा नगरमा अब्बल ठहरिने विश्वास व्यक्त गरे । नगर प्रमुख विष्टले स्काउट गतिविधि थाहानगरमा विस्तार गर्नुपर्ने आवश्यकता आफुले देखेको बताउँदै बिना बर्दिका सेना स्काउट भएकोले ठीक ढंगले सदुपयोग हुने विश्वास ब्यक्त गरे । विष्टले थाहानगरका सम्पूर्ण विद्यालयमा स्काउट स्थापना गर्न थाहानगर प्रतिबद्ध रहेको बताए ।

तालिम समापनको अवसरमा दिक्षित भएका स्थानीय स्काउटका प्रमुख तथा थाहा नगरपालिकाका उपप्रमुख भरत गोपालीले स्काउटको माध्यमबाट थाहानगरमा सकारात्मक सोचको विकास हुने अपेक्षा सहित आफू दिक्षित भएपछि आफ्नो जीवनमा ठूलो जिम्मेवारी थपिएको महशुस गर्दै ६ दिनसम्म सिकेका स्काउट तालिमलाई आफ्नो विद्यालय र समाजमा लागुहुने विश्वास व्यक्त गरे । गोपालीले स्काउटसंग सहकार्य गरेर अगाडि बढ्दै निरन्तर सहयोग भैरहने प्रतिवद्धता व्यक्त गरे ।

कार्यक्रमका अतिथी तथा नेपाल स्काउट बागमती प्रदेशका सल्लाहकार केशरत्न बज्राचार्यले समाजमा आइपर्ने आपत विपदलाई सहयोग पुर्‍याउन स्काउट अत्यन्त आवश्यक रहेको औल्याउँदै एक विद्यालय एक युनिट, एक परिवार एक स्काउट सदस्य निर्माण गर्न तालिमले टेवा दिने बताए ।

छ दिनसम्म तालिममा सहभागी शिक्षक भुमिराज अवस्थीले ६ दिन ५ रात एकै स्थानमा बसी स्काउटलाई बुझ्ने सुनौलो अवसर पाएकोमा खुशी व्यक्त गर्दै स्थानीय स्काउट तथा प्रशिक्षकलाई धन्यवाद दिदै स्काउट गतिविधिमा सँधै समर्पित रही नगर भित्र स्काउट गतिविधिलाई प्रोत्साहन गर्न तत्पर रहिरहने प्रतिवद्धता व्यक्त गरे ।

तालिममा अर्का सहभागी शसिकला काफ्लेले आफुहरूमा अनुशासन र मर्यादा तथा देशभक्त बन्न यो तालिमले मद्दत गरेको बताउँदै आफुले अध्यापन गर्ने विद्यालयमा सिकेको कुरा व्यवहारमा लागू गर्ने बताइन् । प्रमोद सिग्देल ५०५ औं बिटिसि कोर्ष लिडर प्रमोद सिग्देलले जीवन उपयोगी शिक्षा स्काउटको माध्यमबाट सिकाउन पाउँदा खुसी व्यक्त गर्दै तालिममा सिकेको सीप आआफ्नो विद्यालयमा गएर विद्यार्थी भाइबहिनीलाई सिकाउनेमा विश्वास व्यक्त गरे ।

तालिममा संस्थागत तथा सामुदायिक विद्यालयका शिक्षक शिक्षिकाहरूको सहभागिता रहेको थियो । समापन कार्यक्रममा थाहानगरका स्थानीय संयोजक गणेशमान श्रेष्ठले स्काउटप्रति स्थानीय विद्यालयको सद्भाभ तथा जिम्मेवारीप्रति धन्यवाद व्यक्त गर्दै थाहानगरले स्काउटको संस्थागत विकासमा गरेको सहयोगप्रति पनि खुशी व्यक्त गरे श्रेष्ठले व्यक्तित्व विकासको निम्ति सहयोग रहिरहने बताए । थाहानगरका आधारभूत र माध्यमिक विद्यालयहरूलाई लक्षित गरी तालिमको आयोजना गरिएको स्थानीय स्काउट कार्यालय थाहा नगरपालिकाका संयोजक श्रेष्ठले जानकारी दिए ।

तालिममा थाहा नगरपालिकाका १९ वटा सामुदायिक र ६ वटा संस्थागत विद्यालयका शिक्षकहरू, स्थानीय स्काउट समिति र समुदायबाट गरी ६४ जनाको सहभागिता रहेको थियो । सहभागी मध्ये महिला र पुरूषको संख्याा आधा–आधा रहेको तालिममा चितवनका दुई जनाको सहभागिता रहेको थियो भने छिमेकी पालिका कैलाश, मनहरी र इन्द्रसरोवरका स्थानीय स्काउटका प्रतिनिधि सहभागीता रहेको थियो ।

तालिममा पुरूषतर्फका कोर्ष लिडर प्रमोद सिग्देल र महिला तर्फका कोर्ष लिडर मुना तामाङ लामाले प्रशिक्षण दिएका थिए भने अशोक सारू मगर र सुमित्रा लामाले प्रशिक्षणमा सघाएका थिए । त्यसैगरी यसअघि आधारभूत तालिम लिइसकेका ८ जना काउन्सिलरहरू पनि सहजीकरणमा खटिएका थिए ।

स्थानीय स्काउट थाहा नगर पालिकाका संयोजक गणेशमान श्रेष्ठको अध्यक्षतामा भएको तालिम समापन समारोहमा नेपाल स्काउटका बागमती प्रदेश सल्लाहकार केशरत्न बज्राचार्य, थाहानगर शिक्षा शाखा प्रमुख शोभाकर रेग्मी, वडा नम्बर १ का अध्यक्ष हेरमान गोपाली, ईलाका प्रहरी कार्यालयका प्रमुख दुर्गा खनाल, पालुङ जेसीजका अध्यक्ष जयराम खत्री, प्याब्सन थाहानगर अध्यक्ष सुरेन्द्रमान प्रधान, पालुङ मोर्डन स्कुलका संचालक मनोज रायमाझी, झम्केश्वरी माविका प्रधानाध्यापक उद्धव आचार्य, जनकल्याण माविका सहायक प्रधानाध्यापक कृष्ण बहादुर विष्ट, पालुङ बहुउद्देश्यीय सहकारीका व्यवस्थापक प्रकाश पौडेल, बज्रवाराही माविका प्रधानाध्यापक रमेशमान डंगोल, इन्द्रायायणी माविका प्रधानाध्यापक नारायण बहादुर कार्कीलगायतका उपस्तिथि रहेको थियो ।

स्थानीय स्काउट समितिका संयोजक श्रेष्ठका अनुसार थाहा नगर पालिका र मातहतका शाखाहरू, स्थानीय संघसंस्था, निजी क्षेत्र र व्यक्तिहरूबाट सहयोग जुटाएर तालिम सञ्चालन गरिएको हो । तालिमका लागि नगर पालिकाको विपद व्यवस्थापन शाखाबाट चामल र तेल, शिक्षा शाखाबाट रू. ७ हजार बराबरको स्टेशनरी सामग्री, स्वास्थ्य शाखाबाट प्राथमिक उपचार सामग्री र स्वास्थ्यकर्मी, पालुङ बहुउद्धेश्यीय सहकारी संस्थाबाट डायरी, कलम र क्लियर ब्याग सहयोग प्राप्त भएको संयोजक श्रेष्ठले बताए ।

त्यसैगरी, गीताराम केसी, नरेन्द्र अधिकारी, दिपेन्द्र विष्ट, हरि विष्ट, सुदिप अधिकारी, विनोद ढकाल, मधुकर कार्कीसहितको समूहबाट १०० केस मिनिरल वाटर (पानी) प्राप्त भएको पनि उनले जानकारी दिए । ओखरबजार निवासी धर्म प्रधानले प्याज र मसला, कुटीप्वाकल निवासी अमृत गोलेले ३० किलो आलु, ओखरबजार निवासी हरिहर श्रेष्ठले मसला, रमेश लामिछानेले हरियो तरकारी र सुविसु होमस्टे चित्लाङले सहभागीहरूलाई नुहाउने र भाँडा माझ्ने साबुन सहयोग गरेका छन् । एरोनेट ले ईन्टरनेट, शिखर सप्लायर्स शिखरकोट, श्रेष्ठ वेयर सर्टिङ(सुटिङ टेलरिङ वागबजारका नरेन्द्र श्रेष्ठ, बज्रवाराही बचत तथा ऋण सहकारी संस्था र अध्याय रि सोर्टले भने नगद सहयोग गरेका आयोजकले जनाएको छ ।

तालिमका लागि विहानको खाजा, कुखुराको मासु, मायाको चिनो, प्रशंसापत्र, हरियो तरकारी, माछा, खसीको मासु लगायत सहयोग आयको संयोजक श्रेष्ठले जानकारी दिए । सबै सहयोग, आम्दानी तथा खर्चको २१ साउनमा भएको तालिम समापन कार्यक्रममा सार्वजनिक परीक्षण (पब्लिक अडिट) गरीएको थियो ।


समयमै व्यक्तिगत घटना दर्ता गरौं ।
थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा


जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफु मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# सफा र स्वच्छ पानी पिऔं, मुहानको संरक्षण गरौं

- पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं ।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं ।
- इन्टेक (मूल), प्रशोधन संयन्त्र तथा पानी भण्डारण गर्ने ट्याङ्की नियमित रुपमा सफा गरौं ।
- घर वा सार्वजनिक स्थलका पानी ट्यांकी, धाराको टुटी तथा पानी जम्मा गरिएका भाँडो नियमित सफा गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं

## सामाजिक सुरक्षा परिचयपत्र
## नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना




सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले २०७९ श्रावण १ गतेदेखि २०७९ भाद्र मसान्तसम्म आफ्नो स्थायी ठेगाना रहेको वडा कार्यालयमा लाभग्राही स्वयं उपस्थित भई अनिवार्य रुपमा परिचयपत्र नवीकरण गरौं

**तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन ।**

थाहा नगरपालिका
नगर कार्यपालिका कार्यालय
इन्द्रायणी चौर मकवानपुर

# नगरौं विवाहका कुरा: भएको छैन बिस वर्ष पूरा

बालविवाह सामाजिक अपराध हो । बालविवाह नगरौं, नगराऔं ।




"सानै छु बढ्न देऊ, विवाह हैन पढ्न देऊ"

थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर

बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लब, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविष्य निर्माणमा आजैदेखि सबै लागौं ।


● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी